# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ | सङ्ख्या : १३ | मिति : २०८०/००/००

## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/००/००

# हतुवागढी गाउँपालिकाको विनियोजन ऐन संसोधन, २०८०

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाँट केही रकम खर्च गर्ने र विनियोजन गर्ने कार्यमा आवश्यक संसोधनको सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन संसोधन विद्येयक, २०८०

हतुवागढी राजपत्र

## प्रस्तावना

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजनलाई संसोधन तथा रकमान्तर गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम हतुवागढी गाउँसभाले यो विधयेक बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम **"हतुवागढी गाउँपालिका विनियोजन ऐन,संसोधन २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा

क. गाउँसभा भन्नाले हतुवागढी गाउँपालिकाको सभालाई संझनु पर्दछ।

ख. कार्यपालिका भन्नाले हतुवागढी कार्यपालिकालाई संझनु पर्दछ।

ग. वडा समिति भन्नाले हतुवागढी गाउँपालिकाको वडा समिति संझनु पर्दछ।

घ. विषयगत शाखा भन्नाले हतुवागढी गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संझनु पर्दछ।

ङ. संचित कोष भन्नाले हतुवगढी गाउँपालिकाको संचित कोषलाई संझनु पर्दछ।

३. विनियोजित बजेटको सिमा भित्र रही संलग्न अनूसूची बमोजिम आवश्यक संसोधन शिर्षकान्तर,रकमान्तर,हेरफेर एवं थप गरिएको छ।

आज्ञाले :
महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत